# जोरायल गाउँपालिका
## (Jorayal Rural Municipality)
## गाउँ कार्यपालिकाको कार्यालय
### (Office of The Rural Municipal Executive)

रावतकट्टे, डोटी
Rawatkatte, Doti
सुदूरपश्चिम प्रदेश, नेपाल


प.सं. २०८२/०८३
च.नं. ११३१

मितिः- २०८२/१०/२३

श्री सरोकारवाला सबै,

**विषयः प्रस्तावना प्रस्ताव/दरभाउ पेश सम्बन्धमा ।**

उपरोक्त सम्वन्धमा यस गाउँपालिकाको न्यायिक समितिको क्षेत्राधिकार, कार्यविधि, भूमिका तथा मेलमिलाप प्रक्रिया संचालन सम्बन्धी सेवा लिनु पर्ने भएकोले यसै पत्र साथ संलग्न कार्य विवरण **(ToR)** का आधारमा प्रस्ताव/दरभाउ सात (७) दिनभित्र पेश गर्नु हुन जानकारी गराईन्छ ।

..................................
(गणेश दत्त भट्ट)
प्रमुख प्रशासकीय अधिकृत

*श्री, सूचना प्रविधि शाखाःवेवसाईटमा अपलोड गर्न हुन*


Email: jorayalrlmp@gmail.com फोनः ९८५८४८८०३९ Website: jorayalmun.gov.np

# जोरायल गाउँपालिका, डोटी

## न्यायिक समितिको क्षेत्राधिकार, कार्यविधि, भूमिका तथा मेलमिलाप प्रक्रिया संचालन सम्बन्धी योग्य परामर्शदाता फर्मको कार्य विवरण (Terms of Reference-TOR)

### १. पृष्ठभूमि

जोरायल गाउँपालिकाको न्यायिक समितिले स्थानीय तहमा उत्पन्न हुने विभिन्न प्रकारका विवादहरूको वैकल्पिक समाधान, मेलमिलाप प्रवर्द्धन तथा नागरिकलाई सुलभ, छिटो/छरितो र प्रभावकारी न्याय सेवा प्रवाह गर्ने महत्वपूर्ण कानुनी जिम्मेवारी निर्वाह गर्दै आएको छ । न्यायिक समितिले हालसम्म उल्लेखनीय संख्यामा विवादहरूको समाधान गरी स्थानीय स्तरमा न्यायिक पहुँच विस्तार गरेर सकारात्मक योगदान पुऱ्याएको छ । यद्यपि, समुदायका आम नागरिक तथा सरोकारवालाहरूमा समितिको क्षेत्राधिकार, कार्यविधि, सेवा प्रक्रिया र उपलब्ध सुविधाहरू सम्बन्धी जानकारी अझै पर्याप्त रूपमा पुग्न सकेको छैन । यसले न्यायिक समितले प्रदान गर्ने न्याय सेवाको प्रभावकारी उपयोग र पहुँचमा अपेक्षित स्तरमा पिडितको सहभागिता सुनिश्चित हुन नसकेको देखिन्छ।

उक्त अवस्थालाई मध्यनजर गर्दै, न्यायिक समितिको कार्यसम्पादनलाई थप प्रभावकारी, पारदर्शी र जनमैत्री बनाउने उद्देश्यले चालु आर्थिक वर्षभित्र गाउँपालिकाका सबै वडामा समुदायका अगुवा, सरोकारवाला तथा स्थानीय प्रतिनिधिहरूसँग छलफल, अभिमुखीकरण तथा तालिम/अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्ने योजना तयार गरिएको छ ।

मेलमिलाप, कानुन तथा वैकल्पिक विवाद समाधानका क्षेत्रमा प्राविधिक दक्षता र अनुभव भएका संस्था वा कम्पनि मार्फत कार्यक्रम सञ्चालन गरिने भएकाले आवश्यक परामर्श सेवा लिने व्यवस्था गरिएको छ । यस कार्यले न्यायिक समितिको संस्थागत क्षमता अभिवृद्धि भई कानुनी प्रक्रिया सुदृढ हुने, सेवा प्रवाह थप व्यवस्थित र प्रभावकारी बन्ने तथा समुदायसँगको समन्वय र विश्वासको सम्बन्ध अझ सशक्त हुने अपेक्षा गरिएको छ ।

### २. उद्देश्य

यस आर्थिक वर्षभित्र गाउँपालिकाका सबै वडाका महीलाहरू सामाजिक अगुवा तथा सरोकारवालाहरूको सहभागितामा अभिमुखीकरण तथा अन्तरक्रिया कार्यक्रम सञ्चालन गरी न्यायिक समितिको क्षेत्राधिकार, कार्यविधि, भूमिका तथा मेलमिलाप प्रक्रियाबारे जानकारी प्रवाह गर्ने, कार्यक्रम मार्फत प्राप्त गुनासो, सवाल र सुझावहरू संकलन गर्ने, प्राप्त गुनासो सवाल र सुझाव सहितको प्रतिवेदन तयार गर्ने र न्यायिक समितिको कार्यसम्पादन र समुदायको न्यायमा

पहुँच सुदृढ गर्ने यस कार्यक्रमको प्रमुख उद्धेस्य रहेको छ । यस कार्यक्रमका सहायक उद्धेस्य हरु यस प्रकार रहेका छन ।

- गाउँपालिकामा न्यायिक समितिको क्षेत्राधिकार, कार्यविधि र भूमिकाबारे जानकारी गराउनु ।
- मेलमिलाप प्रक्रियाका फाईदा तथा मेलमिलाप केन्द्रले काम गर्ने कार्यविधि बारेमा जानकारी गराउने ।
- पालिकाका सबै वडामा सामाजिक अगुवा र सरोकारवालाबीच अन्तरक्रिया गरी न्यायमा समुदायको पहुँच सुदृढ गर्ने ।
- न्यायिक समितिको कार्यसम्पादन सम्वन्धी समुदायका गुनासो, सवाल र सुझाव संकलन गरी सुधारका प्रस्ताव तयार गर्ने र
- तोकिएको कार्य सम्पन्न पश्चात पालिकालाई सुझाव पेश गर्ने ।

## ३. कार्यक्षेत्र (Scope of work)

परामर्शदाता फर्मले यस ToR तोकिएको निम्न कार्यहरू गर्नेछः

- न्यायिक समिति सम्वन्धी तालिम मोड्युल तयार,
- प्रत्येक वडा स्तरमा सामाजिक अगुवा र सरोकारवालाका लागि एक दिने तालिम/अन्तरक्रिया कार्यक्रम आयोजना र सहजीकरण,
- तालिम/अन्तरक्रिया सम्पन्न पश्चात विस्तृत प्रतिवेदन तयार गरी गाउँपालिकामा पेश र
- समुदायवाट प्राप्त गुनासो, सवाल तथा सुझावको संक्षिप्त प्रतिवेदन न्यायिक समितिमा पेश ।

## ४. अपेक्षित नतिजा

न्यायिक समितिको क्षेत्राधिकार, कार्यविधि र मेलमिलाप प्रक्रियावारे समुदायमा जनचेतना तथा पहुँच अभिवृद्धि भई स्थानीय तहमा विवाद समाधान प्रणाली थप प्रभावकारी, पारदर्शी र जनमैत्री वन्नेछ । साथै, सरोकारवालाको सक्रिय सहभागिता र प्राप्त सुझावका आधारमा न्यायिक समितिको कार्यसम्पादन र सेवा प्रवाहमा संस्थागत सुधार सुनिश्चित हुनेछ । अन्तमा देहाय बमोजिमका सामग्री र प्रतिवेदन उपलब्धिको रुपमा देखिनेछन;-

- न्यायिक समितिको तालिम मोड्युल तथा प्रशिक्षण सामग्री।
- सवै वडा स्तरमा तालिम/अन्तरक्रिया कार्यक्रम सम्पन्न ।
- तालिम तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न पश्चात विस्तृत प्रतिवेदन।
- समुदायवाट संकलित गुनासो, सवाल र सुझावको संक्षिप्त प्रतिवेदन।

CamScanner

## ५. समयावधि

यस कार्यविवरणमा उल्लेखित सम्पूर्ण कार्यहरू द्विपक्षीय सम्झौतामा तोकिएको प्रारम्भ मितिदेखि लागू भई सम्झौतामा निर्दिष्ट गरिएको समयसीमा भित्र गुणस्तरीय रूपमा कार्य सम्पन्न गर्नु पर्नेछ ।

## ६. परामर्शदाता फर्मको योग्यता

स्थानीय शासन तथा न्यायिक/कानुनी क्षेत्रमा क्षमता विकास कार्यक्रम सञ्चालन, तालिम सामग्री/मोड्युल विकास, सहजीकरण र समुदायसँग प्रत्यक्ष कार्यानुभव भएको परामर्शदाता फर्मको योग्यता पुगेको हुनु पर्नेछ ।

- स्थानीय शासन, न्यायिक समिति, कानुन वा समुदायस्तरको क्षमता विकासमा कार्य अनुभव भएको।
- विभिन्न तालिम मोड्युल विकास र तालिम सहजीकरणमा प्रमाणित अनुभव भएको ।
- स्थानीय सन्दर्भ र समुदायसँग कार्य गरेको अनुभव भएको ।
- फर्म दर्ता, नविकरण, करचुक्ता लगाएत आवश्यक कागजात भएको ।

## ७. अधिकतम लागत

यस कार्यका लागि अधिकतम् रु. ४,४०,०००/- (चार लाख चालिस हजार रुपैयाँ) बजेट सिमा तोकिएको छ। यस वजेटको सिमाभित्र रहँदै सुलभ, पारदर्शी र गुणस्तरीय सेवा प्रदान गर्न सक्ने परामर्शदाता/फर्म छनोट गरिनेछ ।

## ८. समन्वय र प्रतिवेदन

कार्यक्रमसँग सम्वन्धित सम्पूर्ण गतिविधिहरू जोरायल गाउँपालिका न्यायिक समितिसँग आवश्यक समन्वय, सहकार्य र स्वीकृति प्राप्त गरी सञ्चालन गर्नु पर्नेछ । कार्यक्रम सम्पन्न पश्चात् तयार गरिएका सवै प्रतिवेदन, अध्ययन सामग्री, तालिम सामग्री तथा सम्बन्धित कागजातहरू विधिवत् संकलन गरी गाउँपालिकामा पेश गर्नुपर्नेछ।

**<u>कार्य जिम्मेवारी प्रमाणित गर्नेको नाम</u>**

.............................................

(गणेश दत्त भट्ट)

प्रशासकीय प्रमुख अधिकृत

जोरायल गाउँपालिका, डोटी

CamScanner